सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास

माननीय न्यायाधीश श्री नृपध्वज निरौला

आदेश

०८३-WO-०२६२

भेषराज लुईटेल.....निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत .....विपक्षी

मुद्दाः उत्प्रेषण।

नियम बमोजिम इजलास समक्ष पेश हुन आएको निवेदनपत्र सहितको मिसिल अध्ययन गरी निवेदककोतर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरु श्री डा. प्रेमराज सिलवाल, श्री कपिल देव ढकाल, श्री भेषराज लुईटेल र श्री राजेन्द्र प्रसाद दंगालले गर्नुभएको बहस समेत सुनियो।

यसमा, के कसो भएको हो? निवेदकको मागबमोजिम आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने भए सोको आधार र कारणसहित बाटोको म्यादबाहेक सूचना म्याद पाएका मितिले १५ दिनभित्र विपक्षी नं. १, २, ३, ५, ६ र ७ को हकमा महान्यायाधिवक्ताको कार्यालय मार्फत र विपक्षी नं. ४ र ८ को हकमा आफैं वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको एक एक प्रति नक्कल समेत साथै राखी विपक्षीहरुका नाममा सूचना म्याद जारी गरी म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतीत भएपछि नियमानुसार पेश गर्नू।

अन्तरिम आदेश माग भएतर्फ विचार गर्दा, अन्तरिम आदेशले रोकीपाउन माग गरेको विषय लिखित जवाफ परेपछि अन्तिम सुनुवाई हुँदा सम्बोधन र निरुपण हुने प्रकृतिको देखिएकाले तत्काल अन्तरिम आदेश जारी गरिरहनु परेन।

रिट निवेदनमा उठाइएको साल्ट ट्रेडिङ्ग कर्पोरेशनको सञ्चालन, व्यवस्थापन र नियमन समेतसंग सम्बन्धित भई विपक्षी निकायहरुमा लामो समयसम्म कानूनी समस्याको सम्बोधनको लागि याचिका गर्दा पनि सुनुवाई नगरी रिट निवेदन लिई आउनु परेको भनी उल्लेख गरेको सन्दर्भ र पेश भएका कागजातमा उल्लेख भएका तथ्य समेतलाई दृष्टिगत गर्दा प्रस्तुत रिट निवेदनको शीघ्र सुनुवाई भई निरुपण हुन बाञ्छनीय देखिएकाले लिखित जवाफ परेपछि सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम अग्राधिकार दिई नियमानुसार पेश गर्नु।

न्यायाधीश

इति सम्वत् २०८३ भदौ महिना २५ गते रोज ५ शुभम्.....।